राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
ने.रा.बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको Online

## फाराम भर्ने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३।०५।२८)

यस बैंकको पदपुर्ति समितिको निर्णयानुसार यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा कर्मचारी सेवा बिनियमावली २०७० को विनियम ६ को उपविनियम १ (च) अनुसार एक तह मुनिका बढुवाको लागि विनियम (२१) बमोजिम न्यूनतम स्थायी सेवा अवधि पूरा भएका र विनियम (२३) बमोजिम वढुवाका लागि कुनै बन्देज नलागेका सम्भाव्य कर्मचारीहरुबाट आन्तरिक प्रतियोगितात्मक परीक्षा (लिखित तथा अन्तरवार्ता अधिकृत स्तरको हकमा प्रस्तुतीकरण समेत) द्वारा पदपूर्ति गर्नु पर्ने भएकाले तोकिएको म्यादभित्र Online मार्फत दरखास्त फाराम भर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । online मार्फत फाराम नभरिएको वा रितपुर्वक नभएको उम्मेदवार परीक्षामा सामेल हुन नपाउने तथा तोकिएको म्याद भित्र Online मार्फत फाराम नभरेमा सो समय पश्चात Online मार्फत फाराम भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपसिल

| विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १५।०७३।७४ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | ६ |
| १६।०७३।७४ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | ७ |
| १७।०७३।७४ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | १५ |
| १८।०७३।७४ | ८ | प्रबन्धक (कानून) | प्रशासन | कानून | १ |
| १९।०७३।७४ | ८ | प्रबन्धक (लेखा) | प्रशासन | लेखा | २ |
| २०।०७३।७४ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | ४ |
| २१।०७३।७४ | ७ | उप-प्रबन्धक | प्रशासन | प्रशासन | २४ |
| २२।०७३।७४ | ७ | उप-प्रबन्धक (कानून) | प्रशासन | कानून | १ |
| २३।०७३।७४ | ७ | उप-प्रबन्धक (लेखा) | प्रशासन | लेखा | ५ |
| २४।०७३।७४ | ७ | उप-प्रबन्धक (कृषि) | प्रशासन | कृषि | २ |
| २५।०७३।७४ | ७ | उप-प्रबन्धक (इन्जिनियर) | प्रशासन | इञ्जिनियरिङ्ग | १ |
| २६।०७३।७४ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ५२ |
| २७।०७३।७४ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | ३७ |
| २८।०७३।७४ | ५ | वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) | प्रशासन | सूचना प्रविधि | १२ |

१. परीक्षा दस्तुर : परीक्षा दस्तुर वापत तह ५ को रु.५००।– तह ६, ७, ८ र ९ को रु.७००।– र तह १० को रु.१०००।– यस बैंकको "आम्दानी अन्य" को "अन्य" लेखा कोड नम्बर ९५९९०२००० हिसावमा रकम जम्मा गरेको अर्धकट्टी भौचर Scan गरी Attach गर्नु पर्नेछ ।

२. दरखास्त फाराम यस बैंकको intranet को Notice मा गई online भर्नु हुनेछ ।

३. दरखास्त फाराम online मार्फत म्यादभित्र submit गर्नु पर्नेछ ।

४. online दरखास्त फाराम भर्ने अन्तिम मिति : यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन अर्थात २०७३।०६।२८ गते भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन अर्थात २०७३।०७।०५ सम्म दरखास्त फाराम भर्न सकिनेछ ।

५. परीक्षा मिति र परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

६. उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति